NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.
("A" class Institution licensed by Nepal Rastra Bank)

खण्डन/भनाई

मितिः २०८३।०१।११

श्री सम्पादक ज्यू

अर्थसरोकार, नेपालको डिजिटल आर्थिक पत्रिका

बासुकीनगर, काठमाडौं ।

विषयः खण्डन / भनाई सम्बन्धमा

उपर्युक्त सम्बन्धमा तपाईं सम्पादक रहेको अर्थसरोकार, नेपालको डिजिटल आर्थिक पत्रिका एवं सामाजिक सञ्जालबाट विभिन्न मितिमा देहायको शीर्षकमा प्रकाशित प्रसारित सामाग्री उपर यस बैंकको ध्यानाकर्षण भएको छ । उक्त समाचार सामाग्रीका सम्बन्धमा हाम्रो देहाय अनुसार बुँदागत प्रतिकृया एवं खण्डन रहेको छ । उक्त खण्डन एवं प्रतिक्रियालाई स्थान दिनुहुन अनुरोध गर्दछु ।

देहायः

प्रकाशित प्रसारित सामाग्री र सोको खण्डन यसै साथ संलग्न रहेको छ ।

बाधार्थ

१. प्रेस काउन्सिल नेपाल

नेपाल इन्भेष्टमेण्ट मेगा बैंकको तर्फबाट प्रमुख सुचना अधिकृतकोः

नामः प्रमोद आचार्य

हस्ताक्षर

मोवाईल नं. ९८५१३२६९०१

इमेलः pramod.acharya@nimb.com.np

ICRA NEPAL



CamScanner

हामी नेपाल इन्भेष्टमेन्ट मेगा बैक लि बैक तथा वित्तीय संस्था सम्बन्धि ऐन २०७३ बाट वित्तीय कारोबार गर्नाका लागि इजाजतप्राप्त संस्था हौ । विगत ४० वर्ष देखि निरन्तर रुपमा नेपालको बैकिङ्ग क्षेत्रमा विशिष्ट योगदाग गर्दै आइरहेको व्यहोरा यहाँलाइ जानकारी गराउदछौ ।

मिति २०८३/१/२९ गते यस बैकका प्रमुख कार्यकारी अधिकृत ज्योति प्रकाश पाण्डे माथि नेपाल सरकारको केन्द्रिय अनुसन्धान व्यूरो (CIB) बाट भएको कानुनी अनुसन्धानको विषय ( जुन सम्मानित सर्वोच्च अदालतको मिति २०८३/२/१ को बन्दीप्रत्यक्षीकरण मुद्दा ०८२-WH-०२७४ को फैसला/आदेशले प्रस्टाएको छ) लाई लिएर कोटेश्वर३२-, बासुकी नगर मार्ग, काठमाडौं स्थित शुभम् मिडिया प्रालि (Shubham Media Pvt. Ltd.) सूचना विभाग दर्ता नम्बर १३३-०७३-०७४ अन्तर्गत रहेको प्रतिष्ठित अनलाइन प्रत्रिका अर्थ सरोकार https://arthasarokar.com (Email : info@arthasarokar.com) बाट यस बैकका विरुद्द योजनावद्द सिलसिलेवार रुपमा एकै विषयमा विभिन्न मितिहरुमा एकपक्षीय, सन्तुलन रहित बैक जस्तो जनताको अटुट विश्वासमा चल्ने संवेदनशिल निकायको विषयमा सो संग आबद्द जनमानसमा प्रतिकुल असर पार्ने, बैकको प्रतिष्ठामा आँच आउने नियतले एकपक्षिय, मित्थ्या, भ्रामक, आधारहिन प्रकृतिका तपसिलमा उल्लेखित समाचार सामाग्री अनलाइन तथा अर्थ सरोकार नामक फेसबुक पेज तथा अन्य सामाजिक संजालहरु मार्फत प्रकाशन गरि बैकका ग्राहक एंव सर्वसाधारणजनमा नकारात्मक दृष्टिकोण पैदा गरेकोले सोबाट समग्र बैकको कारोबार एंव साखमा गम्भिर असर परेको व्यहोरा अनुरोध गर्दै प्रकाशित गरेको उक्त भ्रामक समाचारहरुलाई https://arthasarokar.com तथा अन्य सवै सामाजिक संजालहरुबाट तत्काल हटाई उक्त प्रेषित सामाचार प्रति भुल सुधार तथा क्षमायाचना सहित खण्डन समाचार प्रकाशित गरी पाउन यो निवेदन पेश गर्दछौ । तहाँले सम्प्रेषण तथा प्रकाशित गरेका मित्थ्या,भ्रामक,आधारहिन समाचार पोर्टल सहितको स्क्रिन सर्ट देहाय बमोजिम पेश गरेका छौ ।

<u>तपशिल</u>

**१. ३० बैशाख २०८३, बुधबार १२:१७, बैकले सिइओ कायमै सक्रिय हुनुहुन्छ भनेर झुटो विज्ञप्ति जारी गर्दा सिन्धुलीको बसपार्कमा राती के गर्दै थिय पाण्डे ?**

https://arthasarokar.com/2026/05/what-was-jyoti-prakash-pandey-doing-at-sindhuli-bus-park-at-८-pm-when-the-bank-issued-a-false-statement-saying-that-the-ceo-is-active-in-work.html

खण्डन : बैकका प्रमुख कार्यकारी अधिकृत, प्रमुख कार्यकारी प्रमुख अधिकृतको रुपमा बैकको नियमित कार्य सम्पादनमा नै रहनु भएको भनि आधिकारीक रुपमा बैकले मिति २०८२/१/२८ गते प्रेस विज्ञसी जारी सम्बद्द सबैमा जानकारी गराइसकेको अवस्थामा समेत झुट्टो विज्ञसी भनि अतिरंजित गरि समाचार प्रेषित गरिएको । बैंकका प्रमुख कार्यकारी अधिकृत धार्मिक कार्यमा ढि चासो राख्ने व्यक्ति हुनुहुन्छ । मिति २०८३/१/२९ गते कार्यलयको काम सम्पन्न गरि ससरीको छिन्नमस्त मन्दिर एंव ाराको गढीमाई मन्दिर दर्शन गर्ने उद्देश्यले सिन्धुली स्थित मदन भण्डारी राजर्मागि हुदै जाने क्रममा पक्राउ पर्नु भएको यहोरा सिआईवी को पक्राउ विज्ञसीमा प्रष्ट भएको यथार्थलाई अपभ्रंश गरी अतिरंजित गराई बसपार्कमा राती के गर्दै ोए,बसपार्कमा बसिरहेका अवस्थामा पक्राउ भन्ने जस्ता शिर्षक राखी गलत एंव भ्रम पूर्ण समाचार सम्प्रेषण गरिएको । बैकका

NEPAL INVESTMENT MEGA BANK LTD.

CamScanner

प्रमुख कार्यकारी अधिकृत सो मितिमा मन्दिर दर्शनका लागि जानहुदै भन्ने कुराको प्रमाणका लागि सो क्षेत्रका पत्रपत्रिका समेतमा समाचार सम्प्रेषण गरेको र सो को लिंक यसै साथ पेश गर्दछौ ।

लिंक https://esimana.com/headline/2026/05/14/177876520480147588.html
https://tribunenewsnp.com/17690/2026/
https://www.facebook.com/share/r/1KoAPJtK9J/

२. नेपाल इन्भेष्टमेन्ट मेगा बैक का सिइयो पाण्डेले छोडे बैक

https://www.facebook.com/reel/1308352341420544

खण्डन : बैकका प्रमुख कार्यकारी अधिकृत, प्रमुख कार्यकारी प्रमुख अधिकृतको रुपमा बैकको नियमित कार्य सम्पादनमा नै रहनु भएको अवस्थामा भ्रामक,तथ्यहिन एंव अति रंजित रुपमा प्रमुख कार्यकारी अधिकृतले बैक छोड्नु भएको भनि भिडियो (रिल) समाचार सम्प्रेषणा गरिएको ।

३. बदमासी गरेर नथाक्ने नेपाल इन्भेष्टमेन्ट मेगा बैक

https://www.youtube.com/watch?v=AciiWfuBS6M

खण्डनः बैंकका कतिपय शाखाका कर्मचारीबाट भएका व्यक्तिगत आपराधिक घटनाका सम्बन्धमा बैंकबाट पत्ता लगाई त्यस्ता कर्मचारीहरुलाई तत्काल आन्तरिक कारवाही गरि प्रचलित कानुन बमोजिम आवश्यक कारवाहीका लागि सम्बन्धित निकायमा समेत बुझाई सकिएको र त्यस्तो कर्मचारीहरुबाट भएको अपराधिक कार्यबाट हुन गएको क्षतिको सम्बन्धमा निक्षेपकर्ताहरुको निक्षेप रकम फिर्ता समेत गरिसकेको अवस्थामा एकाध कर्मचारीको व्यक्तिगत दुराषय युक्त कार्यलाई लिएर समग्र बैंकको नाम जोडि बदमासी गरि नथाक्ने भनि भ्रामक भिडियो (रिल) समाचार प्रेषित गर्नु बैकको शाखमा आघात पार्ने गरि गरिएको नियोजित कार्य हो ।

४. नेपाल इन्भेष्टमेन्ट मेगा बैकमा पैसा राखेहरु होसियार

https://www.youtube.com/watch?v=9grB8X11w7Q

बैक आफ्ना निक्षेपकर्ताहरुको निक्षेप रकम सुरक्षा गर्न सक्षम रहेको, बैंकको प्रकासित त्रैयमासिक वित्तीय सुचांकहरुले समेत वित्तीय अवस्था सबल रहेको र बैकले प्रचलित ऐन, नियम र नेपाल राष्ट्र बैकको निर्देशनमा सम्पूर्ण बैकिङ्ग कार्य गरिरहेको अवस्थामा नेपाल इन्भेष्टमेन्ट मेगा बैकमा पैसा राखेहरु होसियार भनि बैंकका कतिपय शाखाका कर्मचारीबाट भएका व्यक्तिगत आपराधिक घटना बैंकको चुस्त दुरूस्त प्रणाली बाट पत्ता लगाई त्यस्ता कर्मचारीहरुलाई तत्काल आन्तरिक कारवाही गरि प्रचलित कानुन बमोजिम आवश्यक कारवाहीका लागि सम्बन्धित निकायमा समेत बुझाई सकिएको र त्यस्ता कर्मचारीहरुबाट भएको अपराधिक कार्यबाट हुन गएको क्षतिको सम्बन्धमा निक्षेपकर्ताहरुको निक्षेप रकम फिर्ता समेत गरिसकेको अवस्थामा

नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

CamScanner

बैंक जस्तो संवेदनशिल संस्थाका निक्षेपकर्ताहरुको विश्वासमा खलल पार्ने गरि नियोजित रुपमै ..... पैसा राख्नेहरु होसियार भनी बैंकका निक्षेपकर्ता एंव सर्वसाधारणहरुमा डर त्रास एंव भ्रम फैलाउने उदेश्य राखी झुठ्ठा भिडियो समाचार समप्रेषण गरेको ।

५. अनुसन्धान नै नसकी हाजिरी जमानीमा छुटेका सिइओ पाण्डे नियमित काममा फर्किए, प्रमाण नष्ट हुने जोखिम

https://arthasarokar.com/2026/05/ceo-pandey-who-was-released-on-attendance-bail-due-to-lack-of-investigation-returns-to-regular-work-risk-of-destruction-of-evidence.html

उपरोक्त समाचारमा अनुसन्धान चलिरहेकै बेला उनी काममा फर्किएपछि उनको संलग्नताबारे प्रमाण नष्ट हुने जोखिम रहेको जानकारहरु बताउँछन् भन्ने समाचार प्रकाशित भएको ।

खण्डनः बैंकले ऋणी कम्पनीको धितो सम्पत्ति बिक्री तथा कर्जा असुली प्रक्रिया, प्रचलित कानुनी व्यवस्था तथा सम्बन्धित ऋणग्राहीको हितसम्बन्धलाई समेत ध्यानमा राखी, धितोको मूल्याङ्कन गरी ऋण असुली प्रक्रिया सम्पन्न गर्ने क्रममा राष्ट्रिय दैनिक पत्रिकामार्फत लिलामी सूचना प्रकाशित गरी पारदर्शी एवं संस्थागत प्रक्रियाबाट सम्पन्न गरिएको हो।
उक्त विषयमा अनुसन्धानका क्रममा प्रमुख कार्यकारी अधिकृतलाई पक्राउ गरिएको भए तापनि, सम्बन्धित अदालतबाट दायर निवेदनउपर सुनुवाइ हुँदै यो विषय मुलतः विधायीका कानुन र त्यस पछि बनेका अधिनस्थ नियम बिचको कानुनी व्याख्या र अधिकार क्षेत्रसँग सम्बन्धित विषय भएको तथा यसलाई प्रत्यक्ष आपराधिक कार्यको रूपमा लिन नमिल्ने प्रारम्भिक दृष्टिकोण व्यक्त गर्दै रिहा गर्ने आदेश भएको छ।

साथै निलम्बनको आवश्यकता अदालत तथा सञ्चालक समितिले समेत आवश्यक नठानेको अवस्थामा आफ्नै अनुमान लगाइ न्यायालयको भुमिका निभाउन खोज्नु आफैमा भ्रम फैलाउने उद्धेश्य देखिन्छ ।

नेपाल इन्भेष्टमेन्ट मेगा बैकको तर्फबाट
अख्तियार प्राप्त
उजुरीकर्ता नाम : प्रमोद
हस्ताक्षर :

फोन/मोबाइल : ९८५१३२६९०१

इमेल नं : info@nimb.com.np

CamScanner